# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** १२/०८१/०८२ **मितिः** २०८१/१२/३१

**अध्यक्षताः** कार्यवाहक नगर प्रमुख श्री खड्गमाया पराजुली

## उपस्थिति

| | | |
|---|---|---|
| कार्यवाहक नगरप्रमुख | श्री खड्गमाया पराजुली | उपस्थिति |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थिति |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थिति |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थिति |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थिति |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थिति |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थिति |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थिति |
| वडा अध्यक्ष, वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थिति |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थिति |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थिति |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थिति |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थिति |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थिति |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थिति |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थिति |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थिति |

**प्रस्ताव नं १ समिक्षा सम्बन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

**प्रस्ताव नं २ विद्यालयहरुको कक्षा थप अनुमति सम्बन्धमा**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकामा सञ्चालनमा रहेका विभिन्न विद्यालयहरु (सामुदायिक/संस्थागत) ले माथिल्लो कक्षा थप/स्थानान्तरण/नाम परिवर्तन गरी सञ्चालन गर्नका लागि नगर कार्यपालिको कार्यालयबाट प्रकाशित सूचना बमोजिम निवेदन दिएको ।प्राप्त निवेदनहरुको सम्बन्धमा कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखाबाट शैक्षिक सत्र २०८२ बाट माथिल्लो कक्षा थप तथा स्थानान्तरण गरी सञ्चालन गर्न अनुमति दिनका लागि निर्णयार्थ प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्ताव उपर छलफल गरी देहाय बमोजिमका विद्यालयहरुलाई उल्लेखित माथिल्लो कक्षा थप/स्थानान्तरण/नाम परिवर्तन गरी आगामी शैक्षिक सत्र २०८२ बाट सञ्चालन गर्नका लागि अनुमति दिने सर्वसम्मतीले निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | हाल सञ्चालनमा रहेको कक्षा | कक्षा थप | कैफियत |
|---|---|---|---|---|
| १ | ब्रिलियन्ट प्युपिल्स सेकेन्डरी स्कूल | १० | ११ | कक्षा थप |
| २ | वर्ल्ड भिजन इंग्लिस स्कूल | ८ | ९ | कक्षा थप |
| ३ | हिमाली एजुकेशन फाउन्डेसन | ८ | ९ | कक्षा थप |
| ४ | खुदुनाबारी कञ्चनजङ्घा इङ्लिस बोर्डिङ स्कूल | ९ | १० | कक्षा थप |
| ५ | बाल कल्याण आधारभुत विद्यालय | ७ | ८ | कक्षा थप |
| ६ | नवनित एकाडेमी | ७ | ८ | कक्षा थप |
| ७ | ब्राइट बिगिनिङ एकाडेमी | ८ | ९ | कक्षा थप |
| ८ | एभरग्रिन अंग्रेजी स्कूल | ५ | ६ | कक्षा थप |
| ९ | सप्तऋषि गुरुकुल | ५ | ६ | कक्षा थप |
| १० | सुरुङ्गा ह्याप्पी किड्सको नाम परिवर्तन गरी ज्ञानकुञ्ज एकेडेमी कायम गर्ने र शुभतारा मन्टेश्वरीलाई एकिकृत गर्ने | ५ | | स्थानान्तरण |
| ११ | मिलन एजुकेशन फाउन्डेसनको नाम परिवर्तन गरी हिमालयन नमुना बोर्डिङ स्कूल कायम गरी हरिशान्ती किडेन गार्डेनसँग एकिकृत गर्ने | ५ | - | स्थानान्तरण |

प्रस्ताव नं ३ शिक्षक सरुवा तथा कामकाज सम्बन्धमा ।

**प्रस्तावको व्यहोराः** अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालय देखि विद्यार्थी संख्या कम भएको भनी जनता माध्यमिक विद्यालयमा काजमा पठाइनु भएका बाल शिक्षिक श्री मुना काफ्लेलाई पुनः अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालयमा काज फिर्ता गरिएको एवं नवदुर्गा आधारभुत विद्यालयमा प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत शिक्षक श्री कुमारी भण्डारीलाई लक्ष्मी माध्यमिक विद्यालयमा दरबन्दी सहित सरुवा गरिएको देखिएकोमा सो विषयमा थप छलफल तथा निर्णयका लागि विषय पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गर्दा अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालय देखि विद्यार्थी संख्या कम भएको भनी जनता माध्यमिक विद्यालयमा काजमा पठाइनु भएका बाल शिक्षिका श्री मुना काफ्लेलाई नगर कार्यपालिकाको कार्यालयको पत्रबाट पुनः अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालयमा काज फिर्ता गरिएकोमा हाल अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालयमा बालविकासका विद्यार्थीहरु नभएको एवं जनता माध्यमिक विद्यालयमा बाल विकास तर्फका विद्यार्थीहरुको चाप रहेको हुनाले निज बाल विकास शिक्षिका श्री मुना काफ्लेलाई अर्को व्यवस्था नहुञ्जेल जनता माध्यमिक विद्यालयमा नै कामकाज गर्ने गरी खटाउने एवं नवदुर्गा आधारभुत विद्यालयमा प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत शिक्षिका श्री कुमारी भण्डारीलाई लक्ष्मी माध्यमिक विद्यालयमा दरबन्दी सहित सरुवा गरिएको देखिएकोमा नवदुर्गा आधारभुत विद्यालयमा नै सो दरबन्दीको आवश्यकता भएको एवं उक्त सरुवा सम्बन्धि विषयमा थप अध्ययन गर्नुपर्ने देखिएकाले हाललाई सो सरुवा सम्बन्धि विषयलाई कार्यान्वयन नगरी शिक्षिका श्री कुमारी भण्डारीलाई नवदुर्गा आधारभुत विद्यालयमा नै हाजिर भई कामकाज गर्न पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ जरिवाना सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८१/ १०/ १४ गतेको बैठकबाट स्वीकृत गरिएको चन्द्रशेखर घिमिरे समेत प्रस्तावक भएको अर्जुनधारा नगरपालिका वडा नं २ मा माछापोखरी निर्माणका लागि पोखरी खन्ने विषयको संक्षिप्त वातावरणीय परीक्षण अनुसार निवेदक चन्द्रशेखर घिमिरे समेतलाई स्वीकृत संक्षिप्त वातावरणीय प्रतिवेदनमा उल्लेखित पोखरी निर्माणको क्रममा ३४०० घ.मि. माटो तथा साधारण निर्माणमुखी सामाग्री उत्खनन हुन अनुमति दिइएकोमा कार्यालयबाट स्थलगत निरीक्षण हुँदा जम्मा ११४०८ घ.मि. उत्खनन भई स्वीकृत संक्षिप्त वातावरणीय परीक्षणको उल्लंघन गरेको पाइकाले सो सम्बन्धमा थप छलफल तथा निर्णयका लागि विषय पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा माथि छलफल गर्दा निवेदक चन्द्रशेखर घिमिरे समेतलाई स्वीकृत संक्षिप्त वातावरणीय प्रतिवेदनमा उल्लेखित पोखरी निर्माणको क्रममा ३४०० घ.मि. माटो तथा साधारण निर्माणमुखी सामाग्री उत्खनन हुन अनुमति दिइएकोमा कार्यालयबाट स्थलगत निरीक्षण हुँदा जम्मा ११४०८ घ.मि. उत्खनन गरी यस नगर कार्यपालिकाबाट स्वीकृत संक्षिप्त वातावरणीय परीक्षणको उल्लंघन गरेको देखिएकाले निजलाई कोशी प्रदेशको आर्थिक ऐन, २०८१ को दफा ७ को उपदफा (४) तथा अनुसुची ११ को क्र.सं. २ मा उल्लेखित व्यवस्था अनुरुप वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५ को उपदफा (१) को क बमोजिम रु ५ लाख जरिवाना गराई अधिक उत्खनन भएको परिमाण बराबरको राजश्व दाखिला गर्न लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं ४ विविध**

**प्रस्तावको व्यहोराः** भूमि समस्या समाधान आयोगबाट यस नगरपालिका कार्यक्षेत्र तोकिएका सर्वेयर तथा अमिनहरुबाट फिल्ड खटिनुपर्ने भएकाले इन्धन सुविधा माग भई सो विषय आवश्यक निर्णयार्थ बैठकमा पेश भएको ।

**निर्णयः** उक्त प्रस्तावमा छलफल गर्दा भूमि समस्या समाधान आयोगबाट यस नगरपालिका कार्यक्षेत्र तोकिएका सर्वेयर तथा अमिनहरुलाई भूमि सम्बन्धि कार्यक्रमबाट खर्च लेख्ने गरी मासिक १५ लि. इन्धन उपलब्ध गराउने निर्णय गरियो।